संयुक्त राष्ट्रसंघ

सी ई डी/सी/७
बलपूर्वक बेपत्ता पारीनबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

८ मे २०१९

---

बलपूर्वक बेपत्ता सम्बन्धी समिती

बेपत्ता पारिएका व्यक्तिहरुको खोजीका निम्ती निर्देशक सिद्धान्तहरू[1]

## भूमिका

१. यी 'बेपत्ता पारिएका व्यक्तिहरुको खोजीका निम्ती निर्देशक सिद्धान्तहरू' बलपूर्वक बेपत्ता पारीनबाट सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय कागजात तथा संयन्त्रहरुमा आधारित छन् । यी निर्देशक सिद्धान्तहरूले अन्य अन्तर्राष्ट्रिय निकायहरू र विश्वका विभिन्न देशहरूका अनुभवहरूलाई पनि ध्यानमा राखेका छन् । यी निर्देशक सिद्धान्तहरूले बेपत्ता व्यक्तिहरूको खोजी गर्ने कानुनी दायित्व पूरा गर्नका लागि संयन्त्र, प्रक्रिया र विधिहरू पहिचान गरेका छन् ।

२. यी निर्देशन सिद्धान्तहरूले बेपत्ता पारिएका व्यक्तिको प्रभावकारी रूपमा खोजी गर्नुपर्ने राज्यको दायित्वको परिपुर्तीबाट सिर्जित उत्तम अभ्यासहरूलाई समेकित गर्ने प्रायस गर्दछ । यिनीहरु यस समितिको पहिलो आठ बर्षमा संकलित अनुभव (विशेषगरी निष्कर्षात्मक समीक्षा (धारा २९) र जरुरी कार्यहरू (धारा ३०))का आधारमा विकसित भएका छन् । यी निर्देशन सिद्धान्तहरू धेरै पीडितहरूका संगठनहरु, नागरिक समाज, विज्ञहरू, अन्तरसरकारी संगठनहरू र राज्यहरूसँग वार्ता र वृहद परामर्श गरी विकसित भएका छन् ।

३. यी निर्देशन सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनहरूमा उपचारको अधिकार तथा पीडितहरूको लागि क्षतिपूर्ति सम्बन्धी आधारभूत सिद्धान्त र दिशानिर्देशन[2] (A/RES/60/147), हाल अद्यावधिक गरिएको दण्डहीनता विरुद्ध लड्ने कार्यको माध्यमबाट मानव अधिकारको संरक्षण र सम्बर्धनका निम्ती सिद्धान्तहरूको संकलन[3] (E/CN 4/2005/102/Add.1), बलपूर्वक वा अनैच्छिक रुपमा बेपत्ता सम्बन्धी कार्यसमूहका टिप्पणीहरू[4] तथा सम्भावित गैरकानुनी मृत्युको छानबिन सम्बन्धी मिनेसोटा प्रोटोकल[5] (२०१६) बाट प्रेरित छन् । यी निर्देशन सिद्धान्तहरू मिनेसोटा प्रोटोकलका पूरक भई जिवित बेपत्ता पारिएका व्यक्तिको खोजीका निम्ती विशेष रुपमा केन्द्रित छन् ।

---

[1] समितिले आफ्नो सोह्रौं सत्र (८ देखी ११ अप्रिल, २०१९) बाट पारित गरेको।

[2] अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र अन्तराष्ट्रिय मानवीय कानुनसम्बन्धी भएका गम्भीर उल्लङ्घनहरूका लागि उपचारको परिपूरणको अधिकारको लागि आधारभूत सिद्दान्तहरू र निर्देशनहरू ।

[3] दण्डहिनतासँग लड्ने कार्यबाट मानव अधिकारको सुरक्षा र सम्बर्धनका लागि बनाईएका सिद्दान्तहरू ।

[4] बलपूर्वक तथा अनैच्छिक बेपत्ता पार्ने कार्यको कार्यसमुहको साधारण टिपण्णीहरू ।

[5] मृत्युको अनुसन्धान सम्बन्धी मिनेसोटा प्रोटोकल ।

४. यी निर्देशन सिद्धान्तहरूले बेपत्ता पारिएका व्यक्तिको खोजीमा पीडितले खेल्ने महत्वपूर्ण भूमिकाको पुनः पुष्टि गर्दछ । यी सिद्धान्तहरूले बेपत्ता पारिएको बखतको परिस्थिति र बेपत्ता पारिएका व्यक्तिको अवस्था पत्ता लगाउन र पिडितहरुलाई सहयोग पुर्याउन स्वतन्त्र रूपमा संघ संगठन गठन गर्ने र सो संघसंगठनमा सहभागी हुने अधिकारलाई जोड दिन्छन् । यी सिद्धान्तहरूले 'पीडित' शब्दको प्रयोग धारा २४ (१) मा जसरी वृहद रुपमा गर्छन् ।

**अनुसूची**

## बेपत्ता पारिएका व्यक्तिहरुको खोजीका निम्ती निर्देशक सिद्धान्तहरू

### सिद्धान्त १. बेपत्ता पारिएका व्यक्तिको खोजी निज जीवित छ भन्ने अनुमानका आधारमा गरिनुपर्छ।

बेपत्ता पारिएको बखतको परिस्थिति, बेपत्ता पारिएको दिन र खोजी कार्य सुरु गरिएको दिन जे(जस्तो भए पनि बेपत्ता पारिएका व्यक्ति जीवित छ भन्ने अनुमानका आधारमा खोजी कार्य गरिनु पर्छ।

### सिद्धान्त २. खोजी कार्यले मानवीय आत्मसम्मान र मर्यादालाई सम्मान गर्नुपर्दछ।

१. बेपत्ता पारिएका व्यक्तिको खोजीकार्यको प्रत्येक चरणमा पीडितहरूको आत्मसम्मान र मर्यादाको सम्मानलाई निर्देशक सिद्धान्तका रुपमा लागु गरिनु पर्दछ।

२. खोज प्रक्रियाको बखत पीडितहरूको आत्मसम्मान र मर्यादालाई ध्यानमा राख्न उनीहरूलाई विशेष जोखिममा परेका व्यक्ति, सुरक्षा गरिनुपर्ने अधिकार सम्पन्न व्यक्ति र खोजी कार्यमा प्रभावकारी योगदान पुर्याउन सक्ने सुचना भएको व्यक्तिका रूपमा पहिचान गरिनु पर्छ। सार्वजनिक अधिकारीहरुलाई अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोणको आधारमा कार्यसम्पादन गर्न प्रशिक्षण दिईनुपर्छ। उनिहरुलाई आफु पिडितहरुको अधिकारको प्रत्याभुती गर्ने काम गरिरहेको हो भन्ने चेतना दिलाउनुपर्छ। उनिहरुले आफ्नो सम्पुर्ण कार्य पिडितहरुको सेवामा समर्पित गर्नुपर्छ।

३. परिवारका सदस्य लगायत पिडितहरुको प्रतिष्ठा, आत्मसम्मान र मर्यादामा ठेस पुग्ने किसिमले कलंकित हुन, गालीगलौच बेहोर्न वा अन्य दुर्व्यवहार खप्न नपरोस् भन्ने सुनिश्चित गर्नु अधिकारीहरुको कर्तव्य हुन्छ। पीडितहरूको मर्यादालाई कायम राख्न अधिकारीहरुले पीडितहरूको मानहानि हुने किसिमका आक्रमणहरूका बिरूद्ध आवश्यक कदम चाल्नुपर्छ।

४. बेपत्ता पारिएको व्यक्तिको शव वा अवशेष सांस्कृतिक मान्यता र पीडितको रीतिरिवाज अनुसार सभ्य परिस्थितिमा परिवारका सदस्यहरूलाई सुम्पिनुपर्छ। सो शव वा अवशेष कुनै वस्तुको नभई व्यक्तिको नाशवान अवशेष हो भन्ने वास्तविकता सदैव ध्यानमा राख्नुपर्छ। यसरी शव वा अवशेष सुम्पिदा परिवार र समुदायको ईच्छा र सांस्कृतिक रीतिरिवाज अनुरूप मर्यादित काजक्रिया सुनिश्चित गर्नका लागि आवश्यक साधन र प्रक्रियाहरू पनि समावेश गरिनुपर्छ। आवश्यक परेको र परिवारले इच्छाएको खण्डमा परिवारले काजक्रिया गर्न इच्छाएको स्थानमा स्थानान्तरणको निम्ती विदेशबाट ल्याउने, विदेश लाग्ने वा स्वदेश भित्रै स्थानान्तरण गर्ने भए पनि त्यस्तो स्थानान्तरण गर्दा लाग्ने खर्च राज्यले नै बेहोर्नुपर्छ।

### सिद्धान्त ३. खोजी कार्य सार्वजनिक नीतिद्वारा शासित हुनुपर्छ।

१. विशेष गरी प्रायः बेपत्ता हुने वा ठुलो परिमाणमा बेपत्ता हुने सन्दर्भहरूमा खोजी कार्य वृहद सार्वजनिक नीतिको अंशको रूपमा सञ्चालन गरिनु पर्दछ। वृहद नीतिको उद्देश्यहरू बलपूर्वक बेपत्ताको रोकथाम, पुराना बेपत्ताका घटनाहरुमा सोधखोज र स्पष्टीकरण, पीडितको संरक्षणको

व्यवस्था, अपराधीहरुलाई उपयुक्त दण्ड र बलपूर्वक बेपत्ताका घटना नहुने सुनिश्चितता आदी हुनुपर्छ।

२. बलपूर्वक बेपत्ता सम्बन्धी सार्वजनिक नीतिले जोखिममा परेका व्यक्ति वा पीडितको हकमा मात्र नभई आफ्ना सबै कार्यक्रम तथा योजनाहरुमा अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोणलाई अंगीकरण गर्नुपर्छ ।

३. बलपूर्वक बेपत्ता सम्बन्धी सार्वजनिक नीति तर्जुमा गर्दा राज्यको खोजी गर्नुपर्ने, पत्ता लगाउनुपर्ने र अवषेशहरु पहिचान तथा हस्तान्तरण गर्नुपर्ने दायित्वका आधारमा गरिनु पर्छ । यसले देश भित्र बिद्यमान बेपता पारिने किसिम तथा आपराधका स्वरुपको विश्लेषण गर्नुपर्छ ।

४. खोजी कार्यसम्बन्धी सार्वजनिक नीति विस्तृत, स्पष्ट, पारदर्शी र सुसंगत हुनुपर्छ । यसले राज्यका सबै निकायहरू, अन्य राज्यहरू र अन्तर्राष्ट्रिय एजेन्सीहरूसँगको सहकार्यलाई बढावा दिनुपर्दछ । यी नीतिहरु उपयुक्त कानुनी, प्रशासनिक, बजेट व्यवस्था, शिक्षा नीति तथा अन्य क्षेत्रगत नीतिहरुमा प्रतिबिम्बित हुनुपर्छ ।

५. खोजी कार्यसम्बन्धी सार्वजनिक नीतिको निर्माण तथा कार्यान्वयनमा पिडित तथा सहाकार्य गर्न अनुभव र इच्छा भएका सम्पुर्ण व्यक्ति तथा नागरिक समाज संगठनहरुको सहभागिता हुनुपर्छ ।

६. सार्वजनिक नीतिको मुख्य उद्देश्य पीडितलाई सुरक्षा र वृहद सहायता प्रदान गर्ने हुनुपर्दछ । यसमा पीडितको मनोसामाजिक हेरचाह, सहायता र पुनः पिडा हुनबाट रोक्ने उपायहरू समावेश गरिनुपर्छ । यसमा पीडितको सम्मान सुनिश्चित गर्ने र उनीहरूलाई  कुनै पनि प्रकारले कलंकित पार्ने कार्यलाई रोक्ने र दण्डित गर्ने व्यवस्थाहरु समावेश गरिनुपर्छ ।

**सिद्धान्त ४. खोजी कार्य अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोणको आधारमा गरिनुपर्छ ।**

१. जोखिममा रहेका व्यक्तिहरुको खोजी गर्न उनीहरूका विशेष आवश्यकताहरुको परिपुर्ती गर्न विशेष कार्यविधि, अनुभवहरु तथा ज्ञानको आवश्यक्ता पर्छ । खोजी कार्यमा सहभागी हुने परिवारजन, नजिकका व्यक्तिहरु लगायतहरुलाई सहयोग गर्न अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोण लिईनु पर्छ ।

२. खोजी कार्यको जिम्मेवारी पाएका निकायहरुले  बालबालिका तथा किशोर किशोरीहरु बेपत्ता परेका मुद्दाहरुमा विशेष ध्यान पुर्याउनुपर्छ । साथै उनिहरुको चरम संवेदनशीलतालाई ध्यानमा राखी खोजी कार्य तथा योजनाहरू तर्जुमा र कार्यान्वयन गरिनु पर्छ । बालबालिकाहरुको सर्वोत्तम हितलाई खोजी कार्यको सबै  चारणमा सम्मान गरिनुपर्छ । व्यक्तिको उमेर बारे शंका भएको खण्डमा उक्त व्यक्ति बालबालिका हो भन्ने अनुमान गरिनु पर्छ ।

३. किशोरी तथा महिलाहरू बेपत्ता पारिएका खण्डमा वा खोजी कार्यमा किशोरी तथा महिलाहरू सहभागी भएको खण्डमा उचित प्रशिक्षण प्राप्त कर्मचारी (महिला कर्मचारी) सहित लैङ्गिक दृष्टिकोण उपयोग गरिनुपर्छ ।

४. आदिवासी समुदायका वा जातीय वा सांस्कृतिक समुदायहरूका व्यक्तिहरु बेपत्ता पारिएका खण्डमा वा सो समुदायका व्यक्तिहरु खोजी कार्यमा सहभागी भएको खण्डमा उनीहरुको समुदायका सदस्यको मृत्यु वा बेपत्ता भएमा उनिहरुको सांस्कृतिक रितीहरूको सम्मान गर्नुपर्छ । यस्तो अवस्थामा प्रभावकारी खोजी कार्यको निम्ती दोभाषे तथा दुबै संस्कृति बुझ्ने सांस्कृतिक अनुवादकको उपयोग हुनु पर्छ ।

५. लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्ग वा जेष्ठ नागरिकहरु बेपत्ता पारिएका खण्डमा वा त्यस्ता व्यक्तिहरु खोजी कार्यमा सहभागी भएको खण्डमा खोजी कार्यको जिम्मेवारी पाएका निकायहरुले उनीहरुका विशेष अवश्यक्ताहरू बिचार गर्नुपर्छ ।

**सिद्धान्त ५. खोजी कार्यले सहभागिताको अधिकारलाई सम्मान गर्नुपर्दछ ।**

१. पीडित, तीनका कानूनी प्रतिनिधि, सल्लहकार वा तिनीहरूद्वारा अधिकृत कुनै पनि व्यक्ति र वैध चासो भएका कुनै पनि व्यक्ति, संघ वा संगठनलाई खोजी कार्यमा भाग लिने अधिकार छ । फौजदारी अनुसन्धान वा खोजी कार्यको ईमानदारीता र प्रभावकारिताको संरक्षण गर्न गरिएका व्यवस्थाहरूप्रति पूर्वाग्रह नगरी खोजी प्रक्रियाको सबै चरणहरूमा उक्त अधिकार संरक्षित र सुनिश्चित गरिनुपर्छ । खोजी कार्य र फौजदारी अनुसन्धानको प्रगति तथा परिणामहरूसँग माथि उल्लेखित व्यक्तिहरुको पहुँच हुनुपर्दछ । खोजी कार्यको सबै चरणहरूमा उनीहरुका भनाई, अनुभवहरू, वैकल्पिक सुझावहरू र शंकाहरूलाई खोजीको प्रभावकारिता बढाउने योगदानको रुपमा लिईनुपर्छ । यस्ता योगदानहरु कुनै पनि औपचारकताको बहानामा निषेध गरिनु हुँदैन । माथि उल्लेखित व्यक्तिहरूले सहभागिताको अधिकार प्रयोग गर्न अस्वीकार गरे सो अस्वीकारितालाई कुनै पनि हिसाबले अधिकारीहरुले खोजी कार्य अगाडि नबढाउने बहानाका रूपमा प्रयोग गर्नु हुँदैन ।

२. सुचनामा पहुँच सुनिश्चित गर्नु भनेको पीडितहरूलाई उनीहरूको अधिकार सम्बन्धी र अधिकारको संरक्षणका संयन्त्र सम्बन्धी पर्याप्त मार्गदर्शन प्रदान गर्नु हो । यसमा बेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्न र अनुसन्धान गर्नका लागि अपनाइएका उपायहरू र खोजी कार्यको प्रगतिमा बाधा पुर्याउन सक्ने कुनै पनि अवरोधहरूको बारेमा नियमित र सामयिक जानकारी प्रदान गर्नु पर्ने कर्तव्य पनि समावेश छ । संचार माध्यममा कुनै पनि सुचना पुर्याउनु अघी पीडितलाई सुचित गरी उनिहरुको परमर्श लिनु पर्दछ । खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूलाई परिवारजन र खोजी कार्यमा संलग्न अन्य व्यक्तिहरुसंग दयालु र आदरपूर्वक तरिकाले संवाद गर्नको लागी प्रशिक्षित गरिनु पर्छ । खोजी कार्यमा सहाभागी भएबाट पीडितहरुको मानसिक तथा शारीरिक स्वास्थ्यमा पर्न सक्ने प्रभावप्रति सो अधिकारीहरू सचेत हुनुपर्दछ ।

**सिद्धान्त ६. खोजी कार्य ढिलाइ नगरी सुरु हुनुपर्दछ।**

१. कुनै व्यक्ति बेपत्ता पारिएको भन्ने सक्षम अधिकारीले थाहा पाएमा वा संकेत पाएमा खोजी कार्य जतिसक्दो द्रुत रूपमा सुरु गरिनुपर्छ । आवश्यक परेको खण्डमा खोजी कार्यको निम्ती अधिकारीहरु सान्दर्भिक क्षेत्र समेत जानु पर्ने हुन्छ ।

२. खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले कुनै औपचारिक उजुरी वा अनुरोध नहुँदा पनि आफ्नै पहलमा खोजी कार्य सुरु तथा संचालन गर्नुपर्छ ।

३. राज्यको कानुनद्वारा र सक्षम अधिकारीहरुद्वारा खोजी सुरु गर्न केहि घन्टाको पनि पर्खिने अवधी रहन नहुने र सो प्रकृया यथाशिघ्र सुरु हुने प्रत्याभुती हुनुपर्छ । परिवारका सदस्य वा उजुरीकर्ताहरूतर्फबाट सुचनाको अभावलाई यथाशिघ्र खोजी कार्य सुरु नगर्नुको बहानाको रुपमा लिईनु हुँदैन ।

४. बलपूर्वक बेपत्ता भए नभएको कुरामा शंका भएको अवस्थामा समेत यथाशिघ्र खोजी कार्य सुरु हुनुपर्छ । बेपत्ता भएको सम्भाव्यता अनुसन्धान गर्न र बेपत्ता परेको व्यक्तिको जिवन रक्षा गर्न आवश्यक पर्ने सम्पुर्ण प्रमाणहरुको संरक्षण गरिनुपर्छ ।

**सिद्धान्त ७. खोजी कार्य एक निरन्तर दायित्व हो ।**

१. बेपत्ता पारिएको व्यक्तिको नियती वा अवस्थिती यकिन नभएसम्म खोजी कार्य जारी राखिनुपर्छ ।

२. बेपत्ता पारिएको व्यक्ति जिवित फेला परेको खण्डमा सो व्यक्ति कानुनको संरक्षणमा पुनः आएपछी मात्र खोजी कार्य समापन भएको मानिनुपर्छ । त्यस्तो व्यक्ति बन्दीको रुपमा कारागारमा कानुनी बमोजिम राखिएको भए पनि सो व्यक्ति कानुनी संरक्षणमा छ भन्ने सुनिश्चित गरिनुपर्छ ।

३. बेपत्ता पारिएको व्यक्ति मृत फेला परेको खण्डमा उक्त व्यक्तिको अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप पुर्ण रुपमा पहिचान भई परिवारजन वा आफन्तलाई मर्यादित रुपमा हस्तान्तरण गरेपछी मात्र खोजी कार्य समापन भएको मानिनु पर्छ । आंशिक अवशेषहरु भेटिएको र पहिचान भएको अवस्थामा मात्र थप अवशेषहरु फेला पर्ने सम्भावना र काजकृयाका परम्परा समबन्धी परिवारजनको आवश्यकतालाई ध्यानमा राख्दै बाँकी रहेका अवशेषहरुको खोजी कार्य जारी राख्ने वा नराख्ने निर्णय गरिनुपर्छ । खोजी कार्य स्थगित गर्ने निर्णय पारदर्शी ढंगबाट परिवारजनको सुचित मन्जुरी पछी मात्र गर्नुपर्छ ।

४. बेपत्ता पारिएको व्यक्ति फेला नपरेको खण्डमा र विश्वसनीय प्रमाणबाट शंका रहित तवरले सो व्यक्तिको अवस्थितीको यकिन भएको खण्डमा उक्त व्यक्तिको उद्दार गर्न भौतिक रुपमा सम्भव नभएमा र सबै सुचनाहरु पूर्ण रुपमा विश्लेषण गरी सबै सम्भाव्य परिदृश्यहरुको अनुसन्धान भएपछी खोजी कार्य निलम्बित गर्न सकिन्छ । उक्त निर्णय पारदर्शी ढंगबाट परिवारजनको वा बेपत्ता पारिएको व्यक्तिको नजिकको व्यक्तिको सुचित मन्जुरी पछी मात्र गर्न हुन्छ । एउटा साक्षीको बकपत्र, असंगत बयानहरू तथा एउटा निवेदनलाई पर्याप्त प्रमाण मानी खोजी कार्यको अन्त्य गरिनु हुँदैन ।

५. बेपत्ता पारिएको व्यक्तिको खोजी कार्य बन्द भएकाले कुनै पनि अवस्थामा खोज वा फौजदारी अनुसन्धान रोकिनु हुँदैन ।

**सिद्धान्त ८. खोजी कार्य विस्तृत रणनीतिको आधारमा गरिनुपर्छ।**

१. खोजी कार्यको सुरुमा व्यक्ति बेपत्ता हुने सम्बन्धमा सबै व्यवहारिक अनुमानहरुको अनुसन्धान गर्नुपर्छ। वस्तुपरक र प्रमाणित मापदण्डहरुका आधारमा मात्र कुनै पनि अनुमान खारेज गर्नहुन्छ।

२. व्यक्ति बेपत्ता हुने सम्बन्धमा गरिने अनुमानहरु आफन्त वा उजुरीकर्ताहरुद्वारा प्रदान गरिएको सुचना तथा वैज्ञानिक र प्राविधिक मापदण्डको प्रयोग गरी सबै उपलब्ध सुचनामा आधारित हुनुपर्छ। उक्त अनुमानहरु बेपत्ता पारिएको व्यक्तिको व्यक्तिगत परिस्थिति र चरित्रमा आधारित भई लिईएको पूर्वधारणाका आधारमा हुनुहुँदैन।

३. पीडित तथा तीनका संगठनहरुले चाहेमा उनीहरुको सहभागीता सहित खोजी कार्यको जिम्मेवारी पाएका अधिकारीहरूले खोजी प्रकृयाका सबै चरणहरुका निम्ती विस्तृत खोज रणनीतिको तर्जुमा गर्नुपर्छ। उक्त विस्तृत खोज रणनीतिमा पहीचान, शव उत्खननको निम्ती सम्पूर्ण आवश्यक र उपयुक्त माध्यम तथा कार्यविधीहरू मार्फत सम्पादन गर्नु पर्ने सबै कार्यहरु एकीकृत शैलीमा निर्धारण गरिनुपर्छ। उक्त विस्तृत खोज रणनीतिमा कार्ययोजना तथा समय सिमा हित समावेश गरी उक्त रणनीतिमा अवधिक रुपमा मुल्याङ्कन गर्नुपर्दछ।

४. सक्षम अधिकारीहरुले बेपत्ता भएका व्यक्तिहरुको खोजी गर्न विधीविज्ञानका उपायहरू, आफ्ना व्यवसयिक अनुभव र संचित ज्ञानको उपायोग गर्नुपर्दछ। उनिहरुले बेपत्ता सम्बन्धी अनुमानहरू गर्न, विस्तृत खोज रणनीति तर्जुमा गर्न र खोजी कार्य सञ्चालन गर्न सहयोगका लागि विशेषज्ञ, प्राविधिक ज्ञान भएका व्यक्ति, विधिविज्ञानका विज्ञहरू, अन्य वैज्ञानिकहरू र नागरिक समाज संगठनहरूलाई अनुरोध गर्न सक्छन्।

५. बेपत्ता पारिएका व्यक्तिहरुको सक्षम अधिकारिहरुले आफ्नै पहलामा खोजी गर्न उपयुक्त कदमहरु चाल्नुपर्ने आफ्नो दायित्वप्रति पुर्वाग्रह नराखी पीडित वा उजुरीकर्ताहरुले दिएका सबै सुचना बिचार गर्ने र पिडित र उनिहरुका संगठनहरुको खोजी कार्यको अनुभवको पनि उपयोग गर्ने गर्नुपर्दछ।

६. विस्तृत खोज रणनीतिले प्रासंगिक विश्लेषणलाई ध्यानमा राख्नुपर्दछ। प्रासंगिक विश्लेषणहरू ढाँचा निर्धारण गर्न, अपराधीहरूको मनसाय र तौर तरिका स्पष्ट पार्न, बेपत्ता पारिएका व्यक्तिहरूको प्रोफाईलिङ्ग गर्न र बेपत्ता सम्बन्धी क्षेत्रीय विवरणहरू पत्ता लगाई व्याख्या गर्न प्रयोग गर्न सकिन्छ। सक्षम प्राधिकरणले व्यक्तिगत घटनाहरूको अनुसन्धानबाट जम्मा गरिएको सुचनाको आधारमा मात्र नभई वैज्ञानिक मापदण्डको आधारमा स्वतन्त्र रूपमा प्रासंगिक विश्लेषणहरू गर्नुपर्दछ। प्रासंगिक विश्लेषणहरू आफूसँग संगती नराख्ने खोजी सम्बन्धी वा अनुसन्धान सम्बन्धी अनुमानहरुको खारेजी गर्ने बाहानाको रुपमा लिन हुँदैन।

७. प्रासंगिक विश्लेषणहरू गर्दा र विस्तृत खोज रणनीतिहरू तर्जुमा गर्दा बेपत्ता व्यक्ति मानव अधिकार रक्षक वा सामाजिक कार्यकर्ता हो, होईन भन्ने बारे खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले विशेष ध्यान दिनुपर्दछ।

८. नवजात शिशु र धेरै साना बालबालिकाहरूका लागि बनाइएको विस्तृत खोजी रणनीतिले उनीहरुको पहिचान सम्बन्धी कागजातहरू परिवर्तन भएको हुन सक्छ, परिवारबाट खोसिएको हुनसक्छ, गलत पहिचान दिइएको हुन सक्छ र बालबालिका सम्बन्धी संस्था, वा अर्को परिवारलाई हस्तान्तरण गरिएको हुनसक्छ वा धर्मपुत्र धर्मपुत्री ग्रहण गरिएको हुनसक्छ भन्ने तथ्यलाई ध्यानमा राख्नुपर्दछ। यस्ता बालबालिकाहरू र किशोरकिशोरीहरू (जो हाल वयस्क भईसकेका हुन सक्दछन् ) को खोजि तथा पहिचन गरी तिनिहरुको पहिचन पुर्नस्थापित गर्नुपर्दछ ।

**सिद्धान्त ९. खोज कार्यले आप्रवासीहरूका विशेष जोखिमलाई ध्यानमा राख्नुपर्दछ ।**

१. अन्तर्राष्ट्रिय सिमा नियमित रुपमा वा कहिलेकाँही वारपार गर्ने व्यक्तिहरुको संवेदनशिलतालाई ध्यानमा राखी सम्बन्धित राज्यहरुले सिमा वारपार गर्ने प्रसंगमा खोही पनि बेपत्ता नपरुन् भन्ने सुनिश्चित गर्न आवश्यक समन्वय गर्नुपर्छ । आप्रवासनको बृद्दीका कारणले बेपत्ता पर्ने, यौन दासत्वमा पर्ने, मानव तस्कारी तथा बंधुवा मजदुरीमा पर्ने जोखिमको बृद्दिप्रति राज्यहरुको ध्यान केन्द्रीत हुनुपर्छ ।

२. आप्रवासी तथा शरणार्थी पठाउने र ग्रहण गर्ने राज्यहरुले आप्रवास सम्बन्धी अवस्थाहरुमा आई पर्ने समस्याहरु मध्यनजर गरी विशेष किसिमको खोजी संयन्त्रहरु अप्नाउनुपर्छ । ती राज्यहरुले आप्रवाससँग सम्बन्धित बलपूर्वक बेपत्ता परेको घटनाहरु बारे बयान दिने व्यक्तिहरूलाई सुरक्षाको प्रत्याभुती दिनुपर्छ ।

३. सम्बन्धित राज्यहरुले आप्रवासनका हरेक चारणमा बेपत्ता परेका व्यक्तिहरुको खोज प्रकियामा प्रभावकारी समन्वयको निम्ती सहकारिता सम्झौता गर्नुपर्छ । मुल देशहरु, ट्रान्जिटका देशहरु तथा गन्तब्य देशहरु बिचको समन्वयले बेपत्ता परेका व्यक्तिहरुलाई ट्रान्जिटका देशहरु तथा गन्तब्य देशहरुमा फेला पार्न मद्दत गर्न सक्ने सुचना तथा कागजातहरुको द्रुत र सुरक्षित आदानप्रदानको सुनिश्चितता गर्नु पर्छ । अन्तर्राष्ट्रिय मापदण्डहरु र non-refoulement को सिद्वान्तको पूर्ण पालना गर्दै राज्यहरुले अध्यागमन नियन्त्रणमा प्रवासीहरुको दर्ता गर्दा प्रवेशका सम्पूर्ण निवेदनहरुको एक–एक गरी परिक्षण गरी कुनै व्यक्ति बेपत्ता परेमा सो व्यक्तिको प्रभावकारी खोजीको सुनिश्चित गर्नुपर्छ ।

४. आप्रवासनको मार्गमा बेपत्ता परेको व्यक्तिको परिवरजन तथा नजिकको व्यक्तिले आफू बसोबास गरेकै देशहरुबाट प्रभावकारी सहभागिता जनाउन सक्षम होउन भनी सुनिश्चित गर्न विशेष व्यवस्थाहरु गरिनुपर्छ । त्यस्ता व्यक्तिहरू र आप्रवासीहरुको सहयोग गर्ने अनुभव भएका संघ संगठनहरुलाई समावेश गरी खोजी कार्यको रणनीतिहरु निर्माण गरिनुपर्छ ।

५. बलपूर्वकबेपत्ताका पीडितहरु (विशेष गरी महिलाहरु र एकल नाबालिगहरू) लाई पुनः पिडाबाट संरक्षणको निम्ती राज्यहरुले नीतिहरु अपनाउनुपर्छ।

**सिद्धान्त १०. खोजी कार्य दक्षतापूर्वक संगठित हुनुपर्छ ।**

१. बलपूर्वक बेपत्ता हुने गरेका राज्यहरुमा वा राज्यको अनुमति, सहयोग वा मौन समर्थन बिना कुनै व्यक्तिहरु वा समुहद्वारा बेपत्ता पार्ने कार्य भईरहेको राज्यहरुमा खोजी कार्य गर्न सक्षम संस्थाहरु स्थापना हुनुपर्छ ।

२. खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूलाई आवश्यक प्राविधिक क्षमता, सुरक्षा र गोपनीयता सहित द्रुत गतिमा खोजी कार्यको सम्पादन गर्न सक्ने गरी उनिहरुलाई कानुनी क्षमता, वित्तीय र प्राविधिक श्रोतसाधन, प्रशासनिक संरचना र बजेट उपलब्ध गराउनुपर्छ । उनीहरुसँग अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोणको आधारमा कार्यसम्पादन गर्न सक्ने गरी प्रशिक्षित भएका कर्मचारीहरू, र नवीन प्राविधिक र वैज्ञानिक श्रोतसाधन सम्पन्न कर्मचारीहरू र तथा उपयुक्त प्राविधिक र व्यक्तिगत सीप भएका व्यवसायिक कर्मचारीहरू हुनुपर्दछ । उनीहरूलाई कार्यसम्पादनको सिलसिलामा जानुपर्ने ठाँउहरुमा जाने क्षमता दिईनुपर्छ । आवश्यक परेको खण्डमा वा अनुरोध भएको खण्डमा उनिहरुलाई पर्याप्त सुरक्षा दिनुपर्दछ ।

३. खोजी कार्य गर्ने सक्षम निकायहरुसँग बेपत्ता पारिएका व्यक्तिहरु भएको हुन सक्ने स्थानहरू ( सैनिक, प्रहरी वा निजी परिसर) को अघोषित भ्रमणहरू गर्न सक्ने असिमित पहुँच र अधिकार हुनु पर्छ । आवश्यक परेको खण्डमा उनीहरूसँग उक्त स्थानहरूको संरक्षणको सुनिश्चितता गर्न हस्तक्षेप गर्ने अधिकार हुनुपर्छ ।

४. खोजी कार्य गर्ने सक्षम निकायहरुसँग सुरक्षा फौज, सैनिक तथा प्रहरी निकायहरुसँग भएका राष्ट्रीय सुरक्षा डेटाबेस, रजिष्टर र अभिलेख लगायतका बेपत्ता भएका व्यक्तिको खोजीको लागी उक्त सक्षम निकायले अपरिहार्य ठानेका सुचना, कागजात, डेटाबेसमा असिमित पहुँच हुनुपर्छ । आवश्यक परेको खण्डमा उनिहरुसँग कागजातहरुको संरक्षणको सुनिश्चितता गर्न हस्तक्षेप गर्ने अधिकार हुनुपर्छ ।

**सिद्धान्त ११. खोजी कार्यले सुचनालाई उचित तरीकाले प्रयोग गर्नुपर्दछ ।**

१. खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले सबै संकलित तथा उपलब्ध सुचना र दस्तावेजका आधारमा निर्णय लिनुपर्दछ। खोजी कार्य सम्बन्धी सुचना पुर्ण र उपयुक्त रुपमा अभिलेख गरिनुपर्छ ।

२. बेपता पारिएका व्यक्तिहरु सम्बन्धी राज्यद्वारा रजिष्टर तथा डेटाबेसहरु स्थापना गरिनुपर्छ । सो रजिष्टर तथा डेटाबेसहरुमा सम्पूर्ण राष्ट्रिय भूभाग समेटिने गरी, व्यक्ति हराएको उजुरी परेको मिती खुल्ने गरी, बाँचेकै अवस्थामा फेला परेको भए सो खुल्ने गरी, अवशेष हस्तान्तरण गरिएको खुल्ने गरी तथा बेपत्ता हुनाको कारण र बलपूर्वक बेपत्ता भएको हो होईन भन्ने अनुसन्धान सम्बन्धी जानकारी खुल्ने गरी सुचना राखिनुपर्छ । सो रजिष्टर तथा डेटाबेसहरु समय समयमा अध्यावधिक गरिनुपर्छ ।

३. खोजी कार्यमा फेला पर्ने सान्दर्भिक लगतहरू यथाशिघ्र र पुर्ण लगनशीलताका साथ बेपता पारिएका व्यक्तिहरु सम्बन्धी रजिष्टरमा अन्य खोजी कार्यहरुका निम्ती राखिनुपर्छ । खोजी कार्यको बखत जम्मा गरिएको अनुभवहरु पनि अभिलेख, विश्लेषण र सुरक्षित गरिनुपर्छ ।

४. खोजी कार्य सकिएपछी, व्यक्ति फेला परी पहिचान भई कानुनको संरक्षण भित्र आएको अथवा व्यक्तिको अवशेषहरुको पहिचान भएको वा हस्तान्तरण भएको अवस्थामा समेत सो विवरण रजिष्टर तथा डेटाबेसहरुमा राखिनुपर्छ । खोजी कार्य पुरा भएको सम्बन्धी सुचना तथा कागजातहरु पनि अभिलेखमा सुरक्षित गरी खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूलाई अभिलेखको पहुँच दिनुपर्छ ।

५. खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले खोजी कार्य र पहिचान गर्ने क्रममा जन्म, धर्मपुत्र धर्मपुत्री ग्रहण, मृत्यु, बसाईं सराई आदी भएका अन्य रजिष्टर तथा डेटाबेसहरुको पनि उचित रुपमा प्रयोग गर्नुपर्छ । राज्यहरूले आफ्ना अधिकारीहरूलाई अन्य राज्यका डेटाबेसहरुको पनि पहुँच दिलाउनुपर्छ ।

६. बेपत्ता पारिएका व्यक्तिको नियती पत्ता लाग्न मद्दत हुने टेलिफोन बार्तालाप तथा भिडियो लगायतका सबै सुचनालाई संकलन गर्ने, संरक्षण गर्ने र व्याख्या गर्ने सुरुदेखी कै प्राथमिकता हुनु पर्छ । यस्ता सुचनालाई संकलन नगरिएमा वा ति सुचना हराएमा त्यस्तो कार्यलाई गम्भिर दुराचार गरिएको मानिनुपर्छ ।

७. राज्यहरूले शिघ्र परिणामका निम्ती आनुवंशिक डाटाबैंक र परामर्श प्रणाली लगायतका खोजी कार्यसँग सान्दर्भिक तत्वहरू सहितको डाटाबेस स्थापना गर्नु पर्छ । यी डाटाबेसहरु अन्तरविषयिक र अन्तरविभागिय र परस्परमा मिल्ने किसिमले निर्मित हुनुपर्छ । आनुवंशिक डाटाबेन्क स्थापना गर्ने क्रममा निम्न कुराहरु बिचार गर्नु पर्छ ।

क) आनुवंशिक डाटाबैंकका प्रशासनिक अधिकारीहरु पूर्ण व्यवसायिक तवरले काम गर्नु पर्छ र कुनै संस्थासँगको सम्बद्धताले उनिहरुको स्वतन्त्रतामा फरक नपरोस् भनी उपयुक्त कानुनी ढांचाको स्थापना गरिनुपर्छ ।

ख) खोजी कार्यका निम्ती संकलन गरिएको वा पठाईएको व्यक्तिगत सुचना वा आनुवंशिक डाटा खोजी कार्य बाहेक अरु कारणको लागी प्रयोग वा प्रसारित गर्नु हुँदैन । मेडिकल तथा आनुवंशिक डाटा लगायतका वैयत्तिक सुचनाहरुको संकलन, प्रयोग र भण्डारण गर्दा कुनै व्यक्तिको मानव अधिकार, स्वतन्त्रता र मानवीय आत्मसम्मान र मर्यादामा ठेस नपुगोस भन्ने कुरा ध्यानमा राख्न पर्छ ।

ग) यी डेटाबेसमा रहेका निजी सुचनाहरुलाई तथा थुनाको श्रृंखला (chain of custody)लाई बचाउने र प्राविधिक रुपमा संरक्षण गर्ने गरिनुपर्छ ।

८. राज्यहरूले बेपत्ता भएका व्यक्तिको डेटाबेस र रजिष्टरको व्यवस्थापन गर्दा पीडितहरूको र सूचनाको गोपनीयता सुनिश्चित गर्नुपर्छ ।

## सिद्धान्त १२. खोजी कार्यमा समन्वय हुनुपर्छ ।

१. खोजी कार्य एक सक्षम निकायद्वारा केन्द्रीकृत र समन्वित हुनुपर्छ । यस्तो निकायले खोजी कार्य प्रभावकारी, विस्तृत र शीघ्र गर्न सहयोग पुर्याउने अन्य निकायहरुसँग प्रभावकारी समन्वय गर्नुपर्ने हुन्छ ।

२. संघीय, स्वायत्त वा स्थानिय तहका विकेन्द्रीकृत निकायहरूद्वारा प्रभावकारी खोजी कार्यमा बाधा पुर्याइनु हुँदैन । राज्यले कानुनी, प्रशासनिक तथा अन्य नियमहरुका माध्यमले राज्यका हरेक निकाय तथा हरेक तहहरूबिच समान्वय हुने सुनिश्चित गर्नुपर्छ ।

३. बेपत्ता पारिएका व्यक्ति प्रवासी, शरणार्थी वा मानव तस्कारीको पिडित भई विदेशमा रहेको संकेत मिलेको खण्डमा खोजी कार्य गर्ने जिम्मेवारी पाएका निकायले सबै उपलब्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग संयन्त्र परिचालन गर्नुपर्छ । आवश्यक परेको खण्डमा यस्ता संयन्त्रहरुको निर्माण समेत गर्नुपर्ने हुन्छ ।

४. राज्यले खोजी प्रक्रियाहरूको लागि आवश्यक पर्ने बेपत्ता पारिएका व्यक्तिको खोजी गर्न तथा मानव अवशेष पहिचान गर्न विशेषज्ञता हासिल गरेका राष्ट्रीय तथा अन्तर्राष्ट्रिय संघठनहरु लगायतका ज्ञान र प्रविधीको हस्तान्तरण गराउन आवश्यक व्यवस्था मिलाउनु पर्छ । खोजी कार्य गर्ने निकायहरूको स्थापना गर्दा, कार्यविधीहरु निर्माण गर्दा र निरन्तर कर्मचारी प्रशिक्षण गर्दा यी संगठनहरुका अनुभवहरू उपयोग गर्नुपर्छ ।

## सिद्धान्त १३. खोजी कार्य र फौजदारी अनुसन्धान एक अर्कासँग सम्बन्धित हुनुपर्छ ।

१. बेपत्ता पारिएका व्यक्तिको खोजी कार्यले र बलपूर्वक बेपत्ताको फौजदारी अनुसन्धानले एक अर्कालाई सबलिकारण गर्नुपर्छ । बेपत्ता पारिएका व्यक्तिको विस्तृत खोजी प्रक्रिया फौजदारी अनुसन्धानको जस्तै प्रभावकारी तवरले सुरुवात र संचालन गरिनुपर्छ ।

२. न्याय प्रणाली अन्तर्गतका अधिकारीहरू भन्दा स्वतन्त्र रहेका गैरन्यायिक अधिकारीहरुद्वारा खोजी कार्य संचालन गरिंदा ति अधिकारीहरू तथा खोजी कार्य गर्ने अधिकारीहरू बिच दुबै पक्षमा भएका प्रगती तथा परिणामहरु ढिलाई नगरी नियमित रुपमा आदानप्रदान गर्न ति दुबै पक्षबीच सहयोग, समन्वय र जानकारीको आदानप्रदान सुनिश्चित गर्न संयन्त्र र प्रक्रियाहरू स्थापना गर्नुपर्दछ । दुबै पक्ष एकअर्कामा पुरक भई कार्य गर्न र एक अर्काका काममा हस्तक्षेप नहोस् भन्ने सुनिश्चित गर्नका लागी ति दुबै पक्षका अधिकारीहरुको काम, कर्तव्य र अधिकार कानूनद्वारा स्पष्ट रुपमा परिभाषित गरिनुपर्दछ । प्रशासनिक, गैरन्यायिक र अन्य निकायहरूद्वारा खोजी कार्य गरिने संयन्त्र र प्रक्रियाहरू विद्यमान छदैं छन् भने बहानामा सो संयन्त्र र प्रक्रियाहरूलाई फौजदारी अनुसन्धान गर्न बाधाको रुपमा वा फौजदारी अनुसन्धानको विकल्पको रूपमा लिन हुँदैन।

३. खोजी प्रक्रियाको जिम्मेवारी फौजदारी अनुसन्धान गर्ने निकायका विशेष विभागहरू वा इकाईहरूमा निहित भएको खण्डमा खोजी कार्य र फौजदारी अनुसन्धानलाई समान तवरले ध्यान

दिईनुपर्छ । बलपूर्वक बेपत्ताको फौजदारी अनुसन्धानबाट प्राप्त सुचनालाई र बेपत्ता पारिएको व्यक्तिको खोजी कार्यबाट प्राप्त सुचनालाई एक अर्काको कार्यसम्पादनमा प्रभावकारी रुपमा र शीघ्रतापूर्वक प्रयोग गर्नुपर्दछ । यी दुई कार्यहरूमा प्रशिक्षित मानव साधनको वितरण गर्दा खोजी र अनुसन्धान गर्दा दुबै कार्यलाई समान ध्यान पुर्याइएको छ भन्ने प्रतिबिम्बित हुनुपर्छ ।

४. फौजदारी अनुसन्धानको समापन हुनु, बलपूर्वक बेपत्ता अभियोगमा अभियुक्त दोषी वा निर्दोष करार हुनु वा बलपूर्वक बेपत्ताका कारण अनुपस्थितिको घोषणा हुनुले खोजी कार्यमा बाधा पर्नु हुँदैन । साथै ति कुराहरुलाई आधार मानेर खोजी कार्यको निलम्बन गर्नु हुँदैन । बेपत्ता पारिएको बखतको परिस्थिति र बेपत्ता पारिएको व्यक्तिको नियती र अवस्थिती निश्चित नभएसम्म खोजी कार्यलाई जारी राख्नुपर्छ ।

**सिद्धान्त १४. खोजी कार्य सुरक्षित रूपमा गर्नुपर्दछ ।**

१. खोजी कार्यमा पीडित जती परिमाणमा संलग्न हुन इच्छाए पनि सक्षम निकायहरुले सो पीडितको सुरक्षा सुनिश्चित गर्नु पर्छ । बकपत्र गर्ने, बयान दिने वा खोजी कार्य अनुसन्धानमा सहयोग पुर्याउने व्यक्तिहरुको हरेक स्थितीमा विशेष आवश्यकताहरूलाई ध्यानमा राखी उनिहरूलाई सुरक्षा व्यवस्था प्रदान गर्नुपर्छ । यसरी सुरक्षा व्यवस्था प्रदान गर्दा सुरक्षा दिनु पर्ने व्यक्तिहरुको व्यक्तिगत विशेषताहरुलाई ध्यानमा राख्नुपर्छ ।

२. बेपत्ता भएका व्यक्तिहरुको खोजी गर्ने पीडितहरुलाई राज्यले आर्थिक सहयोग प्रदान गर्नु पर्छ । यसरी सहयोग गर्दा परिवारजन बेपत्ता परेका कारणले ह्रास हुन गएको पारिवारिक आम्दानी, बेपत्ता परेका व्यक्तिको खोजी कार्यमा लाग्ने अतिरिक्त यातायत खर्च, बसोबास खर्च, लाभदायक काम गर्न सकिने समय खेर जाने समेतलाई ध्यानमा राख्नु पर्दछ।

३. खोजी कार्य गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले बेपत्ता पारिएका परिवारजनको नियति पत्ता नलागेको वा कुनै सुचना फेला नपरेका कारणले व्यक्ति र समुदायमा शारीरिक र मानसिक स्वास्थ्यमा समस्या हुने जोखिमलाई ध्यानमा राख्नुपर्दछ । खोजी कार्यको सुरुवात देखी बेपत्ता पारिएका व्यक्तिको हस्तान्तरण भए पश्चात पनि यस्तो जोखिम पहिचान भएमा सक्षम अधिकारीहरूले पीडित र खोजीमा संलग्न सबै व्यक्तिलाई विस्तृत सहयोग प्रदान गर्नुपर्छ । सबै सुरक्षा व्यवस्थाहरूले उक्त व्यवस्थाका लाभग्राहीहरूको गोपनीयताको सम्मान गर्नुपर्दछ । त्यस्तो व्यवस्था प्रदान गर्नु अघी सम्बन्धित लाभग्राहीसँग मन्जुरी लिईनुपर्छ र यस्ता व्यवस्था प्रदान गरिरहदा लाभग्राहीको अनुरोध बमोजिम समीक्षा गरिनुपर्छ । राज्यले गैर–राष्ट्रिय सुरक्षा व्यवस्थाहरूको अनुमति र सहजिकरण गर्नुपर्छ ।

४. सुरक्षा व्यवस्थाका लागि जिम्मेवार निकायहरू बीच राज्यहरूले अन्तरनिकाय समन्वय सुनिश्चित गर्नुपर्दछ ।

**सिद्धान्त १५. खोजी कार्य स्वतन्त्र र निष्पक्ष हुनुपर्छ ।**

१. खोजी कार्य गर्ने जिम्मेवारी पाएका निकायहरु स्वतन्त्र र स्वायत्त हुनुपर्छ र यी निकायहरुले आफ्ना सबै कर्तव्यहरु सम्पादन गर्दा कानुनी प्रकृयाको पुर्ण रुपमा पालना गर्नुपर्छ । प्रशासनिक तथा सहयोगी लगायत सम्पूर्ण कर्मचारीहरुले स्वतन्त्रता, निष्पक्षता, व्यावसायिक योग्यता, संवेदनशीलता, नैतिक निष्ठा र अलग अलग र विशिष्टीकृत व्यवहारको दृष्टिकोणको आधारमा काम गर्ने सक्ने क्षमता प्रदर्शन गर्नुपर्छ ।

२. खोजी कार्य गर्ने जिम्मेवारी पाएका निकायहरु कुनै पनि तवरले बलपूर्वक बेपत्ताको कार्यमा संलग्न व्यक्ति, संस्था वा निकायको अधीनस्थ रहनु हुँदैन ।

३. बलपूर्वक बेपत्ताको कार्यमा संलग्न भएको भनि शकिंत व्यक्तिलाई खोजी कार्यमा संलग्न हुन वा सो कार्यमा प्रभाव पार्न दिनु हुँदैन । यदी खोजी कार्यमा सहयोग पुर्याउने संस्थामा कार्यरत व्यक्ति उपर यस्तो शंका पर्न गएमा सो व्यक्तिलाई खोजी कार्यबाट बिलम्ब नगरी हटाईनुपर्छ ।

४. राज्यहरुले आफ्ना दायित्व पुरा गर्ने क्रममा खोजी कार्य गर्ने जिम्मेवारी पाएका निकायहरू कुनै पनि तप्काबाट वा कुनै पनि कारणले आउन सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव, लालच, दबाब, धम्की वा हस्तक्षेपबाट मुक्त छन भन्ने  सुनिश्चित गर्न आवश्यक उपायहरु अवलम्बन गर्नुपर्छ ।

**सिद्धान्त १६. खोजी कार्य सार्वजनिक नियमद्वारा संचालित हुनुपर्छ ।**

१. खोजीको प्रभावकारिता र पारदर्शिता सुनिश्चित गर्न खोजी कार्य सम्बन्धी नियमहरू महत्वपूर्ण माध्यम हुन् । यी नियमहरुले सक्षम अधिकारी, पीडित तथा वैध चासो भएका व्यक्तिहरुलाई खोजी कार्यको निरीक्षणको अधिकार दिनुपर्दछ । यस्ता नियमहरु सार्वजनिक गरिनु पर्दछ ।

२. द्रुत र प्रभावकारी खोजी सुनिश्चित गर्न कहिलेकाँही नवीनता र रचनात्मकता आवश्यक पर्दछ । यसले गर्दा कहिलेकाहीँ साविकका नियमहरु परिवर्तन हुन सक्छन् । यस्ता नवीनताहरुको प्रयोग पारदर्शी र तर्कसंगत रुपमा हुनुपर्छ ।

३. सुरुमा परिकल्पना नगरिएका तर पछि सिकेका पाठहरु, प्रयोगमा आएका नवीनताहरु र राम्रा अभ्यासहरू समावेश गर्न खोजी कार्य सम्बन्धी नियमहरू समय समयमा वा आवश्यक पर्दा संशोधित र अद्यावधिक गरिनुपर्छ । नियमहरू संशोधन वा अद्यावधि गर्दा पारदर्शी र तर्कसँगत रुपमा गरिनुपर्छ ।

४. खोजी कार्य नियमन गर्ने नियमहरुको पालना भए नभएको बारे सक्षम निकायहरुद्वारा प्रभावकारी अनुगमन गरिनुपर्दछ ।